# नेपाल लेखापरीक्षणमान ६१०

## आन्तरिक लेखापरीक्षकको काममा प्रयोग हुने

(अन्तराष्ट्रिय गुणस्तर नियन्त्रणमान, लेखापरीक्षण पुनरावलोकन, अन्य आश्वस्तता तथा सम्बद्ध सेवाहरु घोषणाहरुको हाते पुस्तक सन् २०१० अंग्रेजी सस्करणको अनुवाद)

## विषयसूची


| | अनुच्छेद |
|---|---|
| **परिचय** | |
| यस ने.ले.प.मा. को क्षेत्र ............................................ | १-२ |
| आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षक बीचमा सम्बन्ध.. | ३-४ |
| लागू हुने मिति ..................................................... | ५ |
| **उद्धेश्यहरु .........................................................** | **६** |
| **परिभाषा ...........................................................** | ७ |
| **आवश्यकता** | |
| आन्तरिक लेखापरीक्षकको कामको उपयोग गर्न र कुन हदसम्म उपयोग गर्न सकिन्छ भन्ने कुरा निर्धारण गर्ने .................... | ८-१० |
| आन्तरिक लेखापरीक्षकको कामको विशेष प्रयोग ................. | ११-१२ |
| अभिलेखीकरण ..................................................... | १३ |
| **प्रयोग तथा अन्य व्याख्यात्मक सामग्री** | |
| यस नेलेपमाको क्षेत्र ................................................ | क१-क२ |
| आन्तरिक लेखापरीक्षण कार्यको उद्धेश्यहरु ......................... | क३ |
| आन्तरिक लेखापरीक्षकको कामको उपयोग गर्न र कुन हदसम्म उपयोग गर्न सकिन्छ भन्ने कुरा निर्धारण गर्ने आन्तरिक लेखापरीक्षकको विशेष कामको प्रयोग .............................. | क४-क६ |

“आन्तरिक लेखापरीक्षकको काममा प्रयोग हुने” लेखापरीक्षण ६१० को नेपाल लेखापरीक्षणमान (ने.ले.प.मा.) लाई ने.ले.प.मा. २०० को को “स्वतन्त्र लेखापरीक्षकको समग्र उद्धेश्यहरु तथा लेखा परीक्षणको नेपाल लेखापरीक्षणमान अनुसारको लेखापरीक्षण कार्य” सँग समन्वय गरी अध्ययन गरिनु पर्दछ।

## परिचय

## यस नेपाल लेखापरीक्षणमानको क्षेत्र

१. यस नेपाल लेखापरीक्षणमानले आन्तरिक लेखापरीक्षण कार्य लेखापरीक्षणसँग सम्बद्ध हुन्छ भन्ने सम्बन्धमा नेपाल लेखापरीक्षणमान ३१५[1] अनुसार बाह्य लेखापरीक्षकले आन्तरिक लेखापरीक्षकको कामको सम्बन्धमा निर्धारण गर्दा बाह्य लेखापरीक्षकको जिम्मेवारीको बारेमा व्यवस्था गर्दछ। (सन्दर्भ : अनुच्छेद क१-क२)

२. यस नेपाल लेखापरीक्षणमानले बाह्य लेखापरीक्षकले लेखापरीक्षण कार्य सम्पन्न गर्दा आन्तरिक लेखापरीक्षकले व्यक्तिगत रुपमा प्रत्यक्ष सहयोग पुऱ्याउने जस्ता कार्यहरुको बारेमा व्यवस्था गर्दैन।

## आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षकबीच सम्बन्ध

३. आन्तरिक लेखापरीक्षण कार्यका उद्धेश्यहरु व्यवस्थापनद्वारा निर्धारण गरिन्छन् र लागू गर्न सकिने अवस्थामा तिनीहरु लागू गरिन्छन्। आन्तरिक लेखापरीक्षण कार्य र बाह्य लेखापरीक्षकको उद्धेश्यहरु फरक भएको अवस्थामा कुनै तरिकाबाट आन्तरिक लेखापरीक्षण कार्य र बाह्य लेखापरीक्षकले प्राप्त गर्ने आ-आफ्ना उद्धेश्यहरु उस्तै खालका हुन सक्दछन्। (सन्दर्भ : अनुच्छेद क३)

४. आन्तरिक लेखापरीक्षण कार्यको स्वायत्तता तथा बस्तुनिष्ठताको मात्रासँग निरपेक्ष रहँदा यस्ता कार्य बाह्य लेखापरीक्षकले वित्तीय प्रतिवेदनमा राय व्यक्त गर्न आवश्यक पर्ने स्वतन्त्र निकाय जस्तो हुँदैन। बाह्य लेखापरीषकबाट व्यक्त गरिएको लेखापरीक्षण रायको सम्पूर्ण जिम्मेवारी र यस्तो जिम्मेवारी आन्तरिक लेखापरीक्षको कामलाई बाह्य लेखापरीक्षकले उपयोग गरेको कार्यबाट न्यूनिकरण हुँदैन।

---

१ नेलेपमा ३१५, "निकाय र यसको वातावरणको बुझाईद्वारा भौतिक व्यवस्थापनको जोखिमको पहिचान र मूल्यांकन" अनुच्छेद २३।

## लागू हुने मिति

५. यो ने.ले.प.मा. नेपाल चार्टर्ड एकान्टेन्ट्स संस्थाबाट अंग्रेजी संस्करण लागु भए अनुसार सोही मिति देखि यो ने.ले.प.मा. कार्यन्वयन हुनेछ ।

## उद्धेश्यहरु

६. बाह्य लेखापरीक्षणका उद्धेश्यहरु आन्तरिक लेखापरीक्षण भएको अवस्थामा आन्तरिक लेखापरीक्षण कार्य बाह्य लेखापरीक्षणको लागि निम्न अवस्थामा सम्बद्ध हुन सक्दछन् भनी निर्धारण गर्नु हो :

(क) आन्तरिक लेखापरीक्षकको विशेष काम उपयोग गर्न सकिन्छ वा सकिन्न र उपयोग गर्न सकिने भए कुन हदसम्म उपयोग गर्न सकिन्छ भन्ने कुरा निर्धारण गर्नु, र

(ख) यदि आन्तरिक लेखापरीक्षकको विशेष काम उपयोग गर्न सकिन्छ भने लेखापरीक्षणको कामको लागि त्यो काम पर्याप्त छ वा छैन भन्ने निर्धारण गर्ने ।

## परिभाषा

७. नेपाल लेखापरीक्षणमान (ने.ले.प.मा.) को प्रयोजनको लागि निम्न लिखित शब्दहरुले निम्नानुसारको अर्थलाई जनाउनेछ :

(क) आन्तरिक लेखापरीक्षण कार्य : आन्तरिक लेखापरीक्षण कार्यले निकायलाई प्रदान गरिने वा स्थापित मूल्यांकन क्रियाकलापलाई जनाउनेछ र यो कार्यले अन्य कुराहरुका अतिरिक्त आन्तरिक नियन्त्रणको पर्याप्तता तथा प्रभावकारीताको परीक्षण गर्ने, मूल्यांकन गर्ने र अनुगमन गर्ने कार्यलाई सामेल गर्नेछ ।

(ख) आन्तरिक लेखापरीक्षक : आन्तरिक लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण कार्य गर्ने व्यक्तिलाई जनाउनेछ । आन्तरिक लेखापरीक्षण विभागमा कार्यरत वा समान प्रकृतिको काम गर्नेलाई समेत आन्तरिक लेखापरीक्षक भनी जनाउँदछ ।

**आवश्यकता**

**आन्तरिक लेखापरीक्षकको विशेष काम उपयोग गर्न सकिन्छ वा सकिन्न र उपयोग गर्न सकिने भए कुन हदसम्म उपयोग गर्न सकिन्छ भन्ने कुरा निर्धारण**

८. बाह्य लेखापरीक्षकले निम्न कुराको निर्धारण गर्नेछः

(क) आन्तरिक लेखापरीक्षकको काम लेखापरीक्षणको उद्धेश्यको लागि पर्याप्त हुने खालको छ, छैन । र

(ख) यदि छ भने बाह्य लेखापरीक्षकको कार्यविधिको प्रकृति, समय वा हदमा आन्तरिक लेखापरीक्षकको कामले पारेको नियोजित प्रभाव ।

९. लेखापरीक्षणको उद्धेश्यको लागि आन्तरिक लेखापरीक्षकको काम पर्याप्त छ, छैन भन्ने मुल्याङ्कन (Evaluate) गर्दा बाह्य लेखापरीक्षकले निम्न कुराहरुको मुल्याङ्कन गर्नेछः

(क) आन्तरिक लेखापरीक्षण कार्यको बस्तुनिष्ठता,

(ख) आन्तरिक लेखापरीक्षकको प्रविधिक सक्षमता,

(ग) आन्तरिक लेखापरीक्षकको कार्य यथोचित व्यवसायिक होसियारीसँग सम्पन्न गरिएको छ, छैन भन्ने कुरा, र

(घ) आन्तरिक लेखापरीक्षक र बाह्य लेखापरीक्षकको बीचमा प्रभावकारी सञ्चार भएको छ, छैन भन्ने कुरा । (सन्दर्भ : अनुच्छेद क४)

१०. बाह्य लेखापरीक्षकको कार्यविधिको प्रकृति, समय तालिका तथा सीमा माथि आन्तरिक लेखापरीक्षकको कामले पारेको नियोजित प्रभावको निर्धारण गर्दा बाह्य लेखापरीक्षकले निम्न कुराको विचार गर्नेछ :

(क) आन्तरिक लेखापरीक्षकद्वारा गरिएको वा गरिने विशेष कामको प्रकृति र क्षेत्र,

(ख) निश्चित वर्गका कारोवार, लेखा मौज्दात (Account Balances) र सार्वजनिक गरिएका तथ्यगत मूल्यांकनको

तहमा भएको वास्तविक गलत विवरणबाट उत्पन्न हुनसक्ने भनी मूल्यांकन गरिएको जोखिम, र

(ग) आन्तरिक लेखापरीक्षकद्वारा सम्बद्ध निष्कर्षको पुष्टिका लागि संकलन गरिएका लेखापरीक्षण प्रमाणहरुलाई गरिएको व्यक्तिगत मूल्यांकनको तह । (सन्दर्भ : अनुच्छेद क५)

## आन्तरिक लेखापरीक्षकको विशेष कामको प्रयोग

११. आन्तरिक लेखापरीक्षकको विशेष काम बाह्य लेखापरीक्षकले प्रयोग गर्नका लागि बाह्य लेखापरीक्षकले लेखापरीक्षणको उद्धेश्यको लागि त्यो काममा प्रयोग भएको कार्यविधि पर्याप्त भए, नभएको निर्धारण र मूल्यांकन गर्नेछ । (सन्दर्भ : अनुच्छेद क६)

१२. बाह्य लेखापरीक्षकको उद्धेश्यको लागि आन्तरिक लेखापरीक्षकले गरेको कामको पर्याप्तता निर्धारण गर्नका लागि बाह्य लेखापरीक्षकले निम्न कुराहरुको मूल्यांकन गर्नेछः

(क) आन्तरिक लेखापरीक्षकद्वारा गरिएको काम पर्याप्त प्रविधिक तालिम तथा दक्षताकासाथ सम्पन्न गरिएको थियो,

(ख) काम उपयुक्त तरिकाबाट अनुगमन, पुनरावलोकन र अभिलेखीकरण गरिएको थियो,

(ग) आन्तरिक लेखापरीक्षकलाई आधारयुक्त निष्कर्ष निकाल्न सक्षम बनाउनका लागि पर्याप्त लेखापरीक्षण प्रमाणहरु प्राप्त भएको थियो,

(घ) निष्कर्षहरु परिस्थिति अनुकुल छन् र आन्तरिक लेखापरीक्षकले तयार गरेको कुनै पनि प्रतिवेदन गरिएको कामको परिणामसँग मेलखाने छन्, र

(ङ) आन्तरिक लेखापरीक्षकद्वारा सार्वजनिक भएको कुनै असामान्य विषय वा अपवादको उपयुक्त तरिकाले समाधान भएको छ ।

## अभिलेखीकरण

१३. यदि बाह्य लेखापरीक्षकले आन्तरिक लेखापरीक्षकको विशेष कामको प्रयोग गर्दछ भने बाह्य लेखापरीक्षकले आन्तरिक लेखापरीक्षकको कामको पर्याप्तताको मूल्यांकन सम्बन्धमा निकालिएको निष्कर्ष र अनुच्छेद ११ अनुसार[२] कार्य सम्पन्न गर्न बाह्य लेखापरीक्षकद्वारा प्रयोग गरिएको कार्यविधिलाई लेखापरीक्षण अभिलेखमा समावेश गर्नेछ ।

***

## प्रयोग तथा अन्य व्याख्यात्मक सामग्री

## यो नेपाल लेखापरीक्षणमानको क्षेत्र (सन्दर्भः अनुच्छेद १)

क१. नेपाल लेखापरीक्षणमान ३१५[३] मा वर्णन गरिएजस्तै यदि निकायको आन्तरिक लेखापरीक्षण कार्यका जिम्मेवारीहरु तथा क्रियाकलापहरुको प्रकृति निकायको वित्तीय प्रविदनसँग सम्बन्धित भएमा र लेखापरीक्षकले सम्पन्न गरिनुपर्ने लेखापरीक्षण कार्यविधिमा आन्तरिक लेखापरीक्षकको कामको प्रकृति वा समय, वा सीमाको न्यूनिकरण गरी उपयोग गर्ने अपेक्षा गरेमा आन्तरिक लेखापरीक्षण कार्य सान्दर्भिक हुन सक्दछ ।

क२. यो नेपाल लेखापरीक्षणमान अनुसार प्रयोग गरिएका कार्यविधिहरुको कारणले बाह्य लेखापरीक्षकले वास्तविक गलत विवरणको आधारमा गरेको जोखिम मूल्यांकन बाह्य लेखापरीक्षकले पुनः मूल्यांकन गर्नुपर्ने हुनसक्दछ । परिणामतः लेखापरीक्षणमा आन्तरिक लेखापरीक्षण कार्यको सन्दर्भमा बाह्य लेखापरीक्षकको तथ्य पत्ता लगाउने कार्य क्षमतामा प्रभाव पार्न सक्दछ । यसैगरी बाह्य लेखापरीक्षकको कार्यविधिको हद, समय वा प्रकृतिमा प्रभाव पार्न बाह्य लेखापरीक्षकले आन्तरिक लेखापरीक्षकको कामलाई अन्यथा प्रयोग नगर्ने निर्णय गर्न सक्दछ ।

---

२ नेलेपमा २३०, "लेखापरीक्षण अभिलेखीकरण" अनुच्छेदहरु ८-११ र क६ ।

३ नेलेपमा ३१५, अनुच्छेद क१०१ ।

यस्तो परिस्थितिमा बाह्य लेखापरीक्षकको लागि यो नेपाल लेखापरीक्षणमानको थप प्रयोग आवश्यक नहुन सक्दछ ।

**आन्तरिक लेखापरीक्षण कार्यको उद्धेश्यहरु** (सन्दर्भ: अनुच्छेद ३)

क३ आन्तरिक लेखापरीक्षण कार्यको उद्धेश्यमा ठूलो विविधता छ र यो विविधता व्यवस्थापनको आवश्यकता तथा निकायको आकार र संरचनामा भर पर्दछ, र जहाँ प्रयोग हुन सक्दछ, शासकीय स्वरुपका लागि प्रयोग गरिन्छ । आन्तरिक लेखापरीक्षण क्रियाकलापले निम्न लिखित कुनै एउटा वा धेरै कुराहरुलाई समावेश गर्दछ :

- आन्तरिक नियन्त्रणको अनुगमन गर्ने : आन्तरिक लेखापरीक्षण कार्यलाई नियन्त्रणलाई पुनरावलोकन गर्ने, तिनको सञ्चालनको अनुगमन गर्ने र त्यसमा सुधार गर्न सुझव दिनका लागि विशेष जिम्मेवारी दिन सकिन्छ ।

- वित्तीय तथा संचालन सूचनाहरुको परीक्षण गर्ने : आन्तरिक लेखापरीक्षण कार्यलाई प्रयोग गरिएका साधनहरुको पहिचान, मापन, वर्गीकरण तथा वित्तीय प्रतिवेदन र चालु सूचनाहरुको पुनरावलोकन गर्ने र कारोवारको विस्तृत परीक्षण, संचिति एवं कार्यविधिहरु लगायत एउटा पक्षको विषेश छानविन गर्ने काम सुम्पन सकिन्छ ।

- सञ्चालन क्रियाकलापको पुनरावलोकन : आन्तरिक लेखापरीक्षण कार्यलाई निकायको गैरआर्थिक क्रियाकलाप लगायत सञ्चालन क्रियाकलापको मितव्ययी, दक्षता तथा प्रभावकारीताको पुनरावलोकन गर्ने काम सुम्पन सकिन्छ ।

- कानून तथा नियमहरुको परिपालनाको पुनरावलोकन : आन्तरिक लेखापरीक्षण कार्यलाई कानून, नियमहरुसँगको अनुपालना तथा अन्य बाह्य आवश्यकताहरु र व्यवस्थापन सम्बन्धी नीति तथा निर्देशनहरु र आन्तरिक दायित्वहरु परिपालनाको पुनरावलोकन गर्ने काम सुम्पन सकिन्छ ।

- जोखिम व्यवस्थापन : आन्तरिक लेखापरीक्षण कार्यले जोखिमको पहिचान तथा मूल्यांकन गरी यो तथ्यलाई महत्वपूर्ण रुपमा बाहिर ल्याउने र जोखिम व्यवस्थापन तथा नियन्त्रण प्रणालीको सुधारमा योगदानद्वारा संगठनलाई सहयोग गर्न सक्दछ ।

- शासकीय व्यवस्था/स्वरुप : आन्तरिक लेखापरीक्षण कार्यले उद्धेश्यहरु पूरा गर्न मूल्य र मान्यतामा आधारित सञ्चालन प्रक्रिया, कार्य संपादन व्यवस्थापन तथा उत्तरदायित्व, जोखिम तथा नियन्त्रण सम्बन्धी सूचनाहरु संगठनको उपयुउक्त क्षेत्रमा जानकारी गराउने र संचलनको लागि जिम्मेवारी पाएका व्यवस्थापन र बाह्य तथा आन्तरिक लेखापरीक्षकहरुको बीचमा सञ्चारको प्रभावकारीताको मूल्यांकन गर्न सक्दछ ।

## आन्तरिक लेखापरीक्षकको कामको उपयोग गर्न सकिन्छ, सकिन्न र सकिने अवस्थामा कुन हदसम्म उपयोग गर्न सकिन्छ भन्ने कुरा निर्धारण गर्ने

*लेखापरीक्षणको उद्धेश्यका लागि आन्तरिक लेखापरीक्षकको काम पर्याप्त हुने खालका हुन्छन् ? (सन्दर्भ : अनुच्छेद ९)*

क४ लेखापरीक्षणको उद्धेश्यका लागि आन्तरिक लेखापरीक्षकको काम पर्याप्त हुने खालका हुन्छन्, हुँदैनन् भन्ने विषयमा बाह्य लेखापरीक्षकको निर्णयलाई प्रभाव पार्ने तत्वहरुमा निम्न कुराहरु समावेश हुन्छन् :

बस्तुनिष्ठता

- निकाय भित्र आन्तरिक लेखापरीक्षण कार्यको हैसियत र यस्तो हैसियतको आन्तरिक लेखापरीक्षकको क्षमता माथिको प्रभाव बस्तुनिष्ठ/तथ्यमा आधारित हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण कार्यले संचालनको जिम्मेवारी भएकाहरुलाई प्रतिवेदन गर्दछन् वा उपयुक्त अधिकार भएका

अधिकारीलाई र आन्तरिक लेखापरीक्षकसँग सञ्चालनको जिम्मेवारी पाएका व्यक्तिसँग प्रत्यक्ष पहुँच छ, छैन् ।

- आन्तरिक लेखापरीक्षक कुनै विवादित जिम्मेवारीबाट मुक्त छ, छैन ।
- आन्तरिक लेखापरीक्षणसँग सम्बन्धित नियुक्तिको निर्णय सञ्चालनको जिम्मेवारी पाएका व्यक्तिहरुको सुपरिवेक्षणमा भएको छ,छैन ।
- आन्तरिक लेखापरीक्षण कार्यमा व्यवस्थापन वा सञ्चालनको जिम्मेवारी पाएका व्यक्तिहरुले कुनै सीमा वा बन्देज लगाएका छन्, छैनन् ।
- आन्तरिक लेखापरीक्षण कार्यको सिफारिस अनुसार व्यवस्थापनले काम गर्छ, गर्दैन र गरेमा कुन हदसम्म गर्दछ, र यस्ता कार्यलाई कसरी प्रमाणित गरिन्छन् ।

प्रविधिक सक्षमता

- आन्तरिक लेखापरीक्षकहरु सम्बद्ध व्यवसायिक निकायहरुका सदस्यहरु हुन, होइनन् ।
- आन्तरिक लेखापरीक्षकहरुसँग आन्तरिक लेखापरीक्षकको रुपमा पर्याप्त प्रविधिक तालिम तथा प्रविणता छ, छैन ।
- आन्तरिक लेखापरीक्षकहरुलाई नियुक्ति तथा तालिमका लागि स्थापित नीतिहरु छन्, छैनन् ।

यथोचित व्यवसायिक होसियारी

- आन्तरिक लेखापरीक्षण कार्य सम्बन्धी क्रियाकलापहरु उपयुक्त रुपमा नियोजित, अनुगमन गरिएका, पुनरावलोकन गरिएका तथा अभिलेखीकरण गरिएका छन्, छैनन् ।

- लेखापरीक्षण दिग्दर्शन अथवा अन्य यस्तै आभिलेखहरु, कार्य योजना तथा आन्तरिक लेखापरीक्षण अभिलेखीकरणको पर्याप्तता र उपलब्धता ।

सञ्चार

आन्तरिक लेखापरीक्षकहरु बाह्य लेखापरीक्षकसँग खुला रुपमा सञ्चार संपर्कको लागि स्वतन्त्र भएमा बाह्य लेखापरीक्षक र आन्तरिक लेखापरीक्षकबीचको सञ्चार अति प्रभावकारी हुन सक्दछ, र

- सम्पूर्ण अवधिभर मनासिव अन्तरालमा बैठकहरु भएका छन् ।
- बाह्य लेखापरीक्षकसँग सम्बद्ध लेखापरीक्षण प्रतिवेदनहरुको पहुँच हुन्छ र उसलाई यस बारेमा सल्लाह दिइन्छ र बाह्य लेखापरीक्षकको काममा प्रभाव पार्नसक्ने महत्वपूर्ण विषयहरु आन्तरिक लेखापरीक्षकको जानकारीमा आएमा बाह्य लेखापरीक्षकलाई जानकारी गराइन्छ । र
- आन्तरिक लेखापरीक्षण कार्यमा प्रभाव पार्नसक्ने कुनै महत्वपूर्ण विषयको बारेमा बाह्य लेखापरीक्षकले आन्तरिक लेखापरीक्षकलाई जानकारी गराउँछ ।

*बाह्य लेखापरीक्षकको कार्यविधिको प्रकृति, समय तालिका तथा सीमा माथि आन्तरिक लेखापरीक्षकको कामको नियोजित प्रभाव (सन्दर्भ : अनुच्छेद १०)*

क५. आन्तरिक लेखापरीक्षकको कामको बाह्य लेखापरीक्षकको कार्यविधिको प्रकृति, समय तालिका तथा सीमामा प्रभाव पार्ने तत्वको रुपमा रहेको अवस्थामा आन्तरिक लेखापरीक्षकसँग निम्न विषयहरुमा पूर्वसहमति हुनु उपयोगी हुन सक्दछ :

- यस्तो कार्यको समय तालिका,
- लेखापरीक्षणको कार्यक्षेत्रको हद,
- समग्र वित्तीय विवरणको बस्तुनिष्ठता (र यदि प्रयोग गर्न सकिन्छ भने निश्चित वर्गका कारोवारहरु, संचिति वा प्रकट

भएका तथ्यहरुको लागि बस्तुनिष्ठताको तह वा तहहरु), र संपादित कार्यको बस्तुनिष्ठता,

- इकाई छनौटको प्रस्तावित तरिका,
- संपादन गरिएको कामको अभिलेखीकरण, र
- प्रतिवेदन तथा पुनरावलोकन गर्ने कार्यविधिहरु ।

**आन्तरिक लेखापरीक्षकको विशेष कार्यको प्रयोग (सन्दर्भ : अनुच्छेद ११)**

क६. आन्तरिक लेखापरीक्षकको काममा आधारित भई गरिएको लेखापरीक्षणमा कार्यविधिको सीमा, समय तालिका तथा प्रकृति बाह्य लेखापरीक्षकले आन्तरिक लेखापरीक्षकले गरेको तथ्यको गलत विवरणको जोखिम, आन्तरिक लेखापरीक्षणको मूल्यांकन तथा आन्तरिक लेखापरीक्षकको विशेष कार्यको मूल्यांकनमा निर्भर रहनेछ । यस्तो लेखापरीक्षण कार्यविधिले निम्न कुराहरु समावेश गर्न सक्दछ :

- आन्तरिक लेखापरीक्षकद्वारा पहिले नै परीक्षण गरिसकेका इकाईहरुको परीक्षण,
- अन्य समान इकाईहरुको परीक्षण, र
- आन्तरिक लेखापरीक्षकले सम्पन्न गरेको कार्यविधिको सिंहावलोकन ।